मेन्छयायेम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम

कोशी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भाग ३ चैत्र २६ गते, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९।१२।२६

# मेन्छयायेम गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धि कार्यविधि, २०७९

**प्रस्तावना**

मेन्छयायेम गाउँपालिका मार्फत कार्यान्वयन हुने सार्वजनिक निर्माण सम्वन्धी कार्य गराउँदा लागत अनुमानबाट कट्टा गरिने कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई थप पारदर्शी,मितव्ययी, औचित्यपूर्ण र व्यवस्थित वनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ तथा सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची-१ मा भएको व्यवस्था बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम मेन्छयायेम गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) "गाउँपालिका" भन्नाले मेन्छयायेम गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(ग) "आयोजना" भन्नाले यस कार्यालय मार्फत कार्यान्वयन हुने सार्वजनिक निर्माण सम्वन्धी कार्य सम्झनु पर्दछ ।

(घ) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ वा सो को आधारमा गाउँपालिकाको खरिद नियमावली सम्झनु पर्दछ ।

(ङ) "कन्टन्जेन्सी खर्च" भन्नाले दफा ३ बमोजिको शीर्षकमा गरिने खर्च सम्झनुपर्छ ।

## परिच्छेद–२

## कन्टिन्जेन्सी खर्च शीर्षक

**३. कन्टन्जेन्सी खर्च शीर्षकः-**

(१) नियमावलीको अनुसूची-१ को द्रस्टव्य (ग) बमोजिम खर्च गर्नको लागि देहाय बमोजिमको शीर्षक अन्तर्गत देहायको काममा खर्च गर्नुपर्नेछः-

(क) वर्क चार्ज स्टाफ खर्च

यस अन्तर्गत देहायको काममा खर्च गर्न सकिनेछ :-

क. आयोजनाको निर्माण कार्यको सुपरिवेक्षण,सञ्चालन तथा संरक्षणको लागि आवश्यक करार र ज्यालादारी जनशक्ति व्यवस्थापन

ख. विवाद समाधान सम्बन्धी काममा हुने परामर्श सेवाको खर्च

ग. खरिदसँग सम्बन्धित कार्यको लागि तत्काल कुनै अध्ययन वा परामर्श सेवा लिन आवश्यक भएमा त्यस्को सेवा खर्च ।

(ख) अन्य सानातिना खर्च

यस अन्तर्गत देहायको काममा खर्च गर्न सकिनेछ :-

क. सम्बन्धित निर्माण कार्य सम्बन्धी वोलपत्र वा प्रस्ताव तयारी खर्च

ख. सूचना प्रकाशन खर्च

ग. सम्वन्धित आयोजनाको सुपरिवेक्षणमा हुने इन्धन खर्च , भ्रमण भत्ता तथा फिल्ड भत्ता

घ. आयोजनाको लागि आवश्क दुई पाङ्ग्रे सवारीसाधन

ङ. सुरक्षा उपकरण

च. मेशिनरी उपकरण तथा फर्निचर तथा फिक्चर्स

छ. बोलपत्र मूल्यकाङ्कन तथा बैठक भत्ता

ज. अतिथी सत्तकार तथा भवन उद्घाटन खर्च

झ. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च

ञ. सामाजिक परिचालन सम्वन्धी खर्च

ट. उपभोक्ता समिति अभिमुखिकरण सम्वन्धी खर्च

ठ. विविध खर्च

## परिच्छेद–३

## कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रिया

### ४. कन्टिन्जेन्सी रकम खर्च गर्ने सीमा:-

(१)कुनै पनि आयोजनाको स्वीकृत लागत अनुमान बढीमा चार प्रतिशत बराबरको रकमा मात्र खर्च गर्न योग्य कन्टिन्जेन्सी रकम हुनेछ ।

(२) खरिद तथा निर्माण सम्झौता भएको तर कार्य प्रारम्भ नभएको आयोजनाको कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्न पाइनेछैन् ।

(३) पेश्की निकासाको आधारमा कन्टिन्जेन्सी कट्टा गर्न पाइनेछैन् । रनिङ विल वा अन्तिम भुक्तानी वापतको रकमबाट कन्टन्जेन्सी कट्टा गरी खर्च गर्न सकिनेछ ।

(४)रकम खर्च गर्दा चालु प्रकृतिको खर्च अधिकतम साठी प्रतिशत र पुँजिगत प्रकृतिको खर्च अधिकतम चालीस प्रतिशतको सीमामा रही खर्च गर्नु पर्नेछ ।

**५. कन्टिन्जेन्सी रकम र खर्चको अभिलेख राखु पर्ने :-**

यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकमको अभिलेख अनुसूची-१ बमोजिम र खर्चको अभिलेख अनुसूची-२ बमोजिम राखुपर्नेछ ।

## परिच्छेद-४
## विविध

**६. बजेट फ्रिज सम्वन्धी व्यवस्थाः-**

आर्थिक वर्षको अन्त सम्ममा खर्च नभएको कन्टिन्जेन्सी वापतको रकम गाउँपालिकाको संचित कोषमा फिर्ता गर्नुपर्नेछ ।

**७.मौज्दात रकम खर्च गर्न सकिने :-**

दफा ६ बमोजिम संचित कोषमा फिर्ता रहेको रकम आगामी वर्ष कन्टिन्जेन्सी मानी खर्च गर्न सकिनेछ ।

**८.प्रचलित कानूनको पालना गर्नुपर्नेः-**

यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकम खर्च गर्दा प्रचलित कानून पालना गर्नुपर्नेछ ।

## अनुसूची-१

## कन्टेन्जेन्सी कट्टी रकमको अभिलेख(दफा ५ सँग सम्वन्धीत)

आ.ब.....

गत आ.ब. ................ बाट अ.ल्या. गरिएको मौज्दात रकम

रु...................................................

| क्र.सं. | आयोजनाको नाम | स्वीकृत रकम | कन्टेन्जेन्सी वापतको कट्टी रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची-२

## कन्टेन्जेन्सी खर्चको अभिलेख(दफा ५ सँग सम्वन्धीत)

आ.ब.....

| क्र.सं. | कन्टेन्जेन्सी खर्च शिर्षक (दफा ३ अनुसार) | खर्च भएको रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |